# कागेश्वरी मनोहरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७

पत्र संख्या: २०८०/०८१
चलानी नं.

## बोलपत्र सच्याइएको सम्बन्धी सूचना
## मितिः २०८०।१२।१२

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८०/०८१ मा कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं. १ स्थित गणेशमान सिंह पार्क निर्माणको लागि आवश्यक जग्गा सम्याई माटो तथा बालुवा विक्रि (ठेक्का नं.: Kageshwori/Revenue/01/2080-081) को लागि मिति २०८०/११/१७ मा प्रकाशित माटो तथा बालुवा बिक्रि गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचनामा समावेश बोलपत्र फारमको शर्तहरुमा समावेश शर्तहरु तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा भएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ।

| |
|---|
| शर्त नं. २.बोलपत्र फारामसाथ धरौटी बापत मु कर सहित.अ.कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको NIC Asia, थलीमा रहेको धरौटी खाता नं .18CA051127352401 मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ । साथै फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आको करचुक्ता ०८०/२०७९ .व. प्रमाणपत्रलाई Scan गरेर PDF Format मा upload गरी मिति २०८०।१२।२३ गते दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ। |
| शर्त नं. ३.प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८०।१२।२३ गते दिनको ठिक १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन। |
| शर्त नं. ६.प्रथम किस्ता बुझाएपछि बाँकी हुन आउने रकम सम्झौतामा अवधी समापन हुने भनि तोकिएको मितिले १३ महिना म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत(Performance Bank Guarantee) पेश गर्नुपर्नेछ। |
| शर्त नं. १४"जग्गा सम्याउने सम्बन्धी कार्यको अवधी सम्झौता भएको मितिदेखि १ वर्ष कायम हुनेछ।" |

पुनस्चः बोलपत्र पेश गर्ने अवधी ७(सात) दिन थप गरिएको छ।

(सागर मिश्र)
प्रमुख प्रशासकीय अधिकृत

# कागेश्वरी मनोहरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

# आ.व. २०८०/०८१ मा कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं. १ स्थित गणेशमान सिंह पार्क निर्माणको लागि आवश्यक जग्गा सम्याई माटो तथा बालुवा विक्रि गर्ने सम्बन्धी बोलपत्र फाराम

ठेक्का नं.:- Kageshwori/Revenue/01/2080-081

२०८०, फाल्गुन

(सागर मिश्र)
प्रमुख प्रशासकीय अधिकृत

# कागेश्वरी मनोहरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

**<u>माटो तथा वालुवा विक्री गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना</u>**

प्रथम पटक प्रकाशित मिति २०८०/११/१७

यस नगरपालिका वडा नं. १ (साविक गागलफेदी गा.वि.स. वडा नं. ९/क"१") स्थित जग्गामा गणेशमान सिंह पार्क निर्माणको लागि कित्ता नं. १७१ र ३२७, क्षेत्रफल ६१-६-२-१ (एकसठ्ठी रोपनी छ आना दुई पैसा एक दाम) मध्ये दक्षिण तर्फको करिब १९-०-०-०(उन्नाइस रोपनी बाह्र आना शून्य पैसा शून्य दाम) जग्गा सम्याउँदा निस्केको माटो तथा बालुवा विक्रि गर्नुपर्ने देखिएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीबाट तोकिएको न्युनतम रकममा नघट्ने गरी निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

**<u>शर्तहरु</u>**

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट down load गरी प्राप्त गर्न सकिने छ । सो को लागि रु.५,०००।- (अक्षरेपि पाँच हजार रुपैयाँ मात्र) (पछि फिर्ता नहुने गरी) निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको Scanned copy (pdf format) बोलपत्र सम्बन्धी कागजात electronic submission गर्दा संलग्न गरी पेश गर्नु पर्नेछ।

   **<u>बैंकको विवरण</u>**

   बैंकको नामः- NIC Asia Bank Limited
   खातावालाको नामः- कागेश्वरी मनोहरा नगरपालिका
   खाताको नामः- ग १.१ आन्तरिक राजश्व खाता
   खाता नं.: ०१८२०५००२९५४५००२

२. बोलपत्र फारामसाथ धरौटी बापत मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको NIC Asia, थलीमा रहेको धरौटी खाता नं. 18CA051127352401 मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ । साथै फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रलाई Scan गरेर PDF Format मा upload गरी मिति २०८०।१२।२३ गते दिनको १२:०० बजेभित्र

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं

(सागर मिश्र)
प्रमुख प्रशासकीय अधिकृत

सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ ।

३. प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८०।१२।२३ गते दिनको ठिक १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन।

४. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन दिनको १२:०० बजे सम्म दाखिला गर्ने तथा सोही दिनको १:०० बजे बोलपत्र खोल्ने समय कायम हुनेछ ।

५. कुल कबोल अंकलाई ३ किस्ता कायम गरिने छ। पहिलो किस्ता वापत कुल कबोल अंकको ५० प्रतिशतले हुन आउने रकम सम्झौता हुन अगाबै बुझाउनु पर्नेछ। दोश्रो किस्ता वापत कबोल अंकको ३० प्रतिशत ले हुन आउने रकम सम्झौताको मितिले ५ महिनाभित्र र तेश्रो किस्ता वापत कबोल अंकको २० प्रतिशतले हुन आउने रकम कार्य समापन हुने अवधिभित्र बुझाउनु पर्नेछ।

६. प्रथम किस्ता बुझाएपछि बाँकी हुन आउने रकम सम्झौतामा अवधी समापन हुने भनि तोकिएको मितिले १३ महिना म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bank Guarantee) पेश गर्नुपर्नेछ।

७. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन।

८. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

९. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वास्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वःघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

१०. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन।

११. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने आयकर मुल्य अभिबृद्धीकर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ। कार्यालयमा बुझाउनुपर्ने सम्पुर्ण रकम र कर बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुनेछ।

१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. तोकिएको बिक्रि शुल्कमा बागमती प्रदेश आर्थिक ऐन, २०८० दफा ९ र अनुसूचि-५ बमोजिमको संकलन तथा निकासी शुल्क थप हुनेछ। साथै उक्त सम्याउने कार्य चालु आर्थिक वर्ष नाघी अर्को आर्थिक वर्षमा हुने भएमा सोहि आर्थिक वर्षको बागमती प्रदेश सरकारको आर्थिक ऐनले तोके बमोजिमको दर कायम हुनेछ।

१४. जग्गा सम्याउने सम्बन्धी कार्यको अवधी सम्झौता भएको मितिदेखि १ वर्षसम्म कायम हुनेछ।

१५. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाडौं बागमती प्रदेश, नेपाल

(सागर मिश्र)
प्रमुख प्रशासकीय अधिकृत

# कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

<u>माटो, वालुवा तथा ग्राभेलको</u>

**Bill of Quantity (BOQ)**

ठेक्का नं. Kageshwori/Revenue/01/2080-081

न्यूनतम मूल्याङ्कित विक्रि रकम रु. १,४५,९५,६७२.६१।- (अक्षरेपि एक करोड पैंतालिस लाख पन्चानब्बे हजार छ सय बहत्तर रुपैंया एकसठ्ठी रुपैंया मात्र) (मु.अ.कर बाहेक)

| कर उठाउन पाउने श्रोतको विवरण | स्वीकृत दररेट प्रति घनफिट | आफुले कबोल गर्न चाहेको रकम (मुल्य अभिवृद्धी कर बाहेक) | | कैफियत |
|---|---|---|---|---|
| | बिक्रि शुल्क | अंकमा | अक्षरमा | |
| (क) बालुवा/ग्राभेल | रु. ५.०।- | | | |
| (ख) माटो | रु. १.५।- | | | |

बोलपत्रदाताको विवरण:-

फर्मको नाम:-

प्रोपाइटर नाम:-

स्थायी ठेगाना: जिल्ला .................... नगरपालिका/गा.पा. ................................ वडा नं. ....

दस्तखत: टेलिफोन नं. मोबाइल नं.

सम्पर्क ठेगाना: जिल्ला .................... नगरपालिका/गा.पा. ................................ वडा नं. ....

दस्तखत: टेलिफोन नं. मोबाइल नं.

कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

(सागर मिश्र)
प्रमुख प्रशासकीय अधिकृत